अनुसूची - ३

(दफा १२ को उपदफा १ सँग सम्बन्धित सूचनाको ढाँचा)

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

(मितिः २०८०।०६।१४ गते)

भरतपुर महानगरपालिका अन्तर्गत रहने गरी देहायको पद, संख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, उम्मेदवारको न्यूनतम योग्यता, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयबाट वा महानगरपालिकाको वेभसाईट www.bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

| क्र.सं. | विज्ञापन नं | पद | किसिम | पदसंख्या |
|---|---|---|---|---|
| १ | १/०८०/०८१ | नगर प्रहरी नायब उपरीक्षक | खुला | १ |
| २ | २/०८०/०८१ | नगर प्रहरी नायब निरीक्षक | खुला | १ |
| ३ | ३/०८०/०८१ | नगर प्रहरी सहायक निरीक्षक | खुला | १ |
| ४ | ४/०८०/०८१ | नगर प्रहरी सहायक निरीक्षक | महिला | १ |
| ५ | ५/०८०/०८१ | नगर प्रहरी सहायक निरीक्षक | दलित | १ |
| ६ | ६/०८०/०८१ | नगर प्रहरी जवान | खुला | १३ |
| ७ | ७/०८०/०८१ | नगर प्रहरी जवान | महिला | ३ |
| ८ | ८/०८०/०८१ | नगर प्रहरी जवान | दलित | ३ |
| ९ | ९/०८०/०८१ | नगर प्रहरी जवान | आदिवासी जनजाती | ३ |
| १० | १०/०८०/०८१ | नगर प्रहरी जवान | थारु | २ |
| ११ | ११/०८०/०८१ | नगर प्रहरी जवान | मधेशी | १ |

योग्यताः

क) नगर प्रहरी नायव उपरीक्षकका लागिः

१. नेपाली नागरिक।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

Scanned with CamScanner

योग्यताः

क) <u>नगर प्रहरी नायव उपरीक्षकका लागिः</u>

१. नेपाली नागरिक।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

३. उमेर ४० बर्ष पुरा भई ५० बर्ष ननाघेको ।

४. नेपाल प्रहरीको प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, नेपाली सेनाको सेनानी वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको वा नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा १० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको ।

५. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छातीः ३१-३३ इन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः ५ फिट, तौलः ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

६. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

७. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।

८. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

ख) <u>नगर प्रहरी नायब निरीक्षकका लागिः</u>

१.नेपाली नागरिक।

२.मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

३. उमेर ३० वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

४. नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको सुवेदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

५. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

६. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

७. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

८. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छातीः ३१-३३ इन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः ५ फिट, तौलः ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

ग) <u>नगर प्रहरी सहायक निरीक्षकका लागिः</u>

१. नेपाली नागरिक।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

३. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी सहायक निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको जमदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

Scanned with CamScanner

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

६. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

७. पुरूषको हकमा घटिमा उचाई: ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

घ) <u>नगर प्रहरी जवानको लागिः</u>

१. नेपाली नागरिक।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको।

३. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको।

४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५. मान्यता प्राप्त शैक्षिक संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

६. सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

७. पुरूषको हकमा घटिमा उचाई: ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

*नोटः नगर प्रहरी सेवाको पदमा पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको र तोकिएको शैक्षिक योग्यता भएको नगर प्रहरी कर्मचारी एक तह माथिको पदमा उम्मेदवार हुन पाउनेछ ।*

Scanned with CamScanner